# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, पुस १ गते २०५९ साल (संख्या ३५

## भाग ३

श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ का सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२ संख्या ३३, २०४९ साल मंसिर १५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन वाणिज्य मन्त्रालयको सूचना १ को अनुसूची– १ को खण्ड २ को परिमाणात्मक बन्देज लगाईएका वस्तुहरूमा देहायको वस्तु समावेश गरेको छ ।

शाही नेपाली सेना र सशस्त्र प्रहरी बलले प्रयोग गर्ने चुस्तासँग मिल्दो जुल्दो Camouflage कपडा ।

आज्ञाले,
लवकुमार देवकोटा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

श्री ५ को सरकारको २०५६ साल मंसिर ६ गतेको निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री मोहनबहादुर कार्कीलाई राष्ट्रिय सतर्कता केन्द्रको प्रमुख अधिकृतको पदमा सरुवा गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५६ साल मंसिर ६ गतेको निर्णयानुसार राजपत्राङ्कित प्रथम श्रेणीका (प्रा.) अधिकृत श्री केशवबहादुर चन्दलाई जलस्रोत मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
पूर्णप्रसाद मानन्धर
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ५२ संख्या ३४ मिति २०५६।८।२३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित मन्त्रिपरिषद् सचिवालयको सूचनाको तेश्रो र चौथो लहरमा रहेको "गतेदेखि लागू हुने गरी स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन" भन्ने शब्दहरूको सट्टा "गते दिनु भएको राजिनामा" शब्दहरू राखी भूलसुधार गरिएको छ ।

मन्त्रिपरिषद् सचिवालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
260